नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سفــــارة نيبـــال
دولة الكويت

मितिः २०७६/०७/२८

## अत्यन्त जरूरी सूचना

नेपालबाट विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा जाने कामदारहरूका भिसा (प्रवेशाज्ञा), कम्पनीसँग भएको सम्झौतापत्र (करारपत्र) तथा नेपालस्थित वैदेशिक रोजगार विभाग अन्तर्गतका कार्यालयबाट जारी हुने निजहरूको श्रम स्वीकृति सम्बन्धी विवरणमा पेशा लगायतका विवरणहरूमा एकरूपता हुन आवश्यक भएको तर हाल नेपालमा विदामा आएका कतिपय कामदारहरूको भिसा, करारपत्र तथा श्रम स्वीकृति सम्बन्धी कागजातमा उल्लेखित विवरणहरू फरक पर्न गई पुनः श्रम स्वीकृति दिने प्रक्रियामा कानुनी तथा व्यवहारिक कठिनाइ उत्पन्न भएको साथै कतिपय कामदारहरू सम्बन्धित कम्पनीहरूमा अन्य पेशामा काम गर्ने तर भिसामा भने ड्राइभर, अपरेटर जस्ता खास सीप आवश्यक पर्ने प्राविधिक पेशा उल्लेख भएबाट निजको प्राविधिक दक्षता तथा सीप प्रमाणीकरण गर्ने कागजातको अभावमा पुनः श्रम स्वीकृति दिन असम्भव देखिएको भनी श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशीक रोजगार विभागको मिति २०७६/७/१९ को निर्णयानुसार पत्र संख्या ०७६/०७७ च. नं ५०४, मिति २०७६/७/१९ को पत्र मार्फत अनुरोध भई आएकोले हाल कुवेतमा कार्यरत सम्पूर्ण नेपालीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छः

१) कुवेतबाट विदामा नेपाल गई आफू कार्यरत कम्पनीमा कामको लागि पुनः फर्कन चाहने नेपालीहरूले नेपाल जानुअघि रोजगार करार सम्झौतापत्र (Contract), कुवेती भिसा (Visa)/ आई. डि (एकामा) मा उल्लेख भएको पेशामा एकरूपता भएको निश्चित गर्ने ।

२) विशेष सीप चाहिने कामको हकमा सीप सम्बन्धी आधिकारिक निकायबाट जारी प्रमाणपत्र वा अनुमतिपत्र अनिवार्य रूपमा लिएर मात्र जानु हुन । (जस्तैः अपरेटर, ड्राईभरको लागि चालक अनुमति पत्र आदि )

३) यस सम्बन्धी जानकारी अन्य नेपालीहरूमा समेत संप्रेषण गर्नु हुन ।

Jabriya, Block No. 8, Street No. 13, Building No. 514, Tel.: 25321603/ 4 / 5, Fax: 25321601/ 628   الجابرية قطعة رقم ٨، شارع رقم ١٣، مبنى رقم ٥١٤، تلفون: ٢٥٣٢١٦٠٣/٤/٥، فاكس: ٢٥٣٢١٦٠١/ ٦٢٨
Email : eonkuwait@mofa.gov.np   Website : www.mofa.gov.np/kuwait